## मिति २०८०/०९/२६ गते बिहिबार, १५२ औं कार्यपालिका बैठक

**प्रस्तावहरुः**

१. अघिल्लो बैठकका निर्णय समीक्षा सम्बन्धमा ।

२. माघी पर्वको शुभकामना सम्बन्धमा।

३. घोराही उपमहानगरपालिकाको आर्थिक वर्ष २०७९/८०को संस्थागत क्षमता स्व-मूल्यांकनको नतिजा अनुमोदन सम्बन्धमा ।

४. झोलुङ्गे पुल निर्माणका लागि स्थान छनौट सम्बन्धमा।

५. विविध

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

नेपालीहरुको महान पर्व मकर संक्रान्ति २०८० तथा थारु संवत २६४७ (माघी पर्व) को पावन अवसरमा सम्पूर्ण नगरबासी महानुभावहरुमा सुख , शान्ति, सम्वृद्धी र सुस्वास्थ्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो ।

**निर्णय नं. ३**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाडौंबाट पारित भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७(संशोधन सहित) अनुसार यस घोराही उपमहानगरपालिकाको आ.व. २०७९/०८०को संस्थागत स्वमूल्यांकन सम्बन्धमा पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति दाङमा पठाइएको र जिल्ला समन्वय समिति दाङबाट प्राप्त पृष्ठपोषण अनुसार थप कागजात तथा पृष्ठपोषण समेत समावेश गरी तयार भएको अन्तिम नतिजा उपर कार्यपालिकामा छलफल गरियो। नतिजा अनुसार कमजोर देखिएको विषयक्षेत्रमा आगामी दिनमा कार्ययोजना सहित कार्यक्रमगत रुपमा कार्यान्वयन गर्ने संकल्प सहित पेश भएको घोराही उपमहानगरपालिकाको आ.व. २०७९/०८० को संस्थागत क्षमता स्वमूल्यांकन नतिजा अनुमोदन गरी सार्वजनिकीकरण गर्ने ।

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको विभिन्न ५ स्थानमा झोलुङ्गे पुल निर्माणका लागि संघीय सशर्त कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१को वार्षिक बजेटमा विनियोजन भएको रकम रु.५० लाख बजेटबाट शीर्षकमा उल्लेखित सबै स्थानमा झोलुङ्गे पुल निर्माणका लागि बजेट अपुग हुने भएको हुँदा उक्त विनियोजित बजेटबाट तपसिल बमोजिमका दुई स्थानमा मात्र झोलुङ्गे पुल निर्माण गर्ने।

**तपसिलः**

१. पांडे खोला र ज्यामिरे खोलाको दोभानमा झोलुङ्गे पुल वडा नं. १२।
२. वडा नं. १० अम्राइको भमैसोतादेखि जुरुट्टे खोलामा झोलुङ्गे पुल।

**निर्णय नं. ५**

५.१ घोराही उपमहानगरपालिका वडा नं. १० अर्घु बस्ने कमला के.सीको लागि शौचालय निर्माणका लागि गत आ.व. को मिति २०८०।०३।०१ गतेको बसेको १३९औं कार्यपालिका बैठकको निर्णय अनुसार घोराही उपमहानगरपालिकाबाट लागत अनुमान तयार गरी वढीमा ७५,०००।—(पचहत्तर हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय भएकोमा सोही अनुसार शौचालय निर्माण भई प्राविधिकबाट उक्त शौचालय निर्माणको कार्य सम्पन्न प्रतिवेदन, अन्तिम मूल्याङ्कन, उपभोक्ताको काम सम्बन्धी विल सहित ठिक छ भनि भुक्तानीका लागि सिफारिस सहित पेश भएकोले उक्त रकम घोराही उपमहानगरपालिकाको चालु आ.व.को वार्षिक बजेट अन्तर्गत अन्य संस्था सहायता शीर्षकबाट खर्च हुने गरी भुक्तानी दिने।

५.२ घोराही उपमहानगरपालिका वडा नं. ३ चन्द्रसूर्य टोल बस्ने श्री निम बहादुर कामीको छोरा पूर्ण बहादुर कामीको मिति २०८०।०९।१४ गते मृत्यू भएको, उहाँको परिवारको आर्थिक अवस्था निकै कमजोर रहेकोले उहाँको परिवारलाई काज किरिया खर्चका लागि सहयोग स्वरुप रकम रु. १५,०००।—(पन्ध्र हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।